# प्राचीन नेपाल

पुरातत्त्व विभागको मुखपत्र

# ANCIENT NEPAL

**Journal of the Department of Archaeology**

संख्या १६४
जेष्ठ २०६४

Number 164
June 2007

**सम्पादक मण्डल**
प्रधान सम्पादक
**कोशप्रसाद आचार्य**
सम्पादकहरू
**विष्णुराज कार्की**
**राजेश माथेमा**
**श्यामसुन्दर राजवंशी**

**Editorial Board**
Chief Editor
**Kosh Prasad Acharya**
Editors
**Bishnu Raj Karki**
**Rajesh Mathema**
**Shyam Sunder Rajbanshi**

**प्रकाशक**
नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
**पुरातत्त्व विभाग**
काठमाडौं, नेपाल

**Published by**
Government of Nepal
Ministry of Culture, Tourism & Civil Aviation
**The Department of Archaeology**
Kathmandu, Nepal

# विषय-सूची
# Contents

## अंग्रेजी खण्ड
## English Section

**Khapatedanda**
Sukra Sagar Shrestha ........................................................................ 1-10

## नेपाली खण्ड
## Nepali Section

प्राचीनकालमा चिकित्सा शास्त्र, चिकित्सा शिक्षा र राजगृहका राजवैद्य जीवक
*तारानन्द मिश्र* ........................................................................ ११-१८

चोरी भएको जानकारी प्राप्त भएका प्रहरीद्वारा प्राप्त वरामदी प्रतिवेदन तयार गर्न आएका २०५४ देखि २०६३ सालभित्रका विभिन्न पुरातात्त्विक र ऐतिहासिक वस्तुहरू
*रामबहादुर कुँवर* ........................................................................ १९-४३

प्रधानमन्त्री जंगबहादुर राणाका समयको नेपाल-भोट युद्धको ऐतिहासिक सामग्री
........................................................................ ४४-६०

# Khapatedanda

Sukra Sagar Shrestha

## Prelude:

A new village called Dandatole of Govindapur village council in ward no. 8 in Siraha district has been more popularly known as Khapatedanda than its official name after the discovery of profuse quantity of potsherds scattered on top of many mounds. **(Fig: III)** The site is surrounded by the villages of Kusmaha Musahari and Ranaha in West, Mushari in East and Khesara in South and irrigated by the rivers Khutti Khola on North and East then Sarre Khola ot the South and West of the site. **(Fig:-I)**

Geographically it is located at 26$^0$x47"x30' North Latitude and 86$^0$x26"x30' East Longitude above 168 meters from the MSL. There is a soft road linking Lahan, which measures about eight kilometers. One can drive or walk to the site from Lahan towards NNW. A new settlement called Dandatole is newly settled there after the eradication of malaria in the decades of Ninteen sixties of the last century.

## History of finding:

The site was informed and shown by Mr. Nathunisingh Danuwar to the culture students of Tribhuvan University who were there for visiting Govindpur pond in the year 2060 BS. The first information on the site was brought to the public notice by Mr. Madan Kumar Rimal in Kantipur daily. After that the series of visits were done by many scholars and academic personalities from different organizations including Department of Archaeology and reported briefly in each time. No subjective work on the site was done so far. Realising the importance of the richness of the site the Department of Archaeology allocated some budget for a preliminary survey and documentation work in the fiscal year 2063/64 in which the writer (of this chapter) got an opportunity to be involved in the study. The party was in the site on 2063-7-15.

Unfortunately project on preparing contour map could not be conducted due to the political problem in Tarai during the plan period. The result of the visit is presented in this preliminary work.

## Discussion:

Sporadic concentration of potsherds in Khapatedanda is spread over in an area of approximately 800x800 meters, which is conspicuous. **(Fig. III)** They could tentatively be guessed as the localities of different uses, which are, refuse area, kiln-burnt areas may be for pots firing, some burial place with bone concentration and many potsherds in section are also noticed. **(Fig. V)**The habitation area could also be well below the surface around the present day village area. The present settlement is not older than hundred years old. Most of the inhabitants came and settled there after the eradication of Malaria in and around nineteen sixties of last century. The present villagers denied to have found anything while building their huts for fear of forfeiting their land holdings. But they have shown many cultivated areas with the archaeological remains underneath specially beads and concentration of potsherds and bones. Many illegal diggings were noticed while walking through the site.

Surprisingly no brickbats are noticed from the site perhaps the civilization on site could be the pre-brick culture in the area. Such phenomena are also noticed in Chandrapurgadhi in Jhapa District further east and Sahaleshko Gadhi few kilometers south of the highway near Lahan as well. There is a great possibility that Khapatedanda could be of pre-brick culture.

The concentration and varieties of the potsherds do also show the antiquity of Khapatedanda well before the Christian era. All sorts of potsherds are retrieved from there. The different grades of the polish are finely noticed on the potsherds. They are deep dark, silvery glaze and finely polished in ashy color or even in red colored potsherds. Although it is premature to remark as NBPW period is termination phase in Khapatedanda before detail digging is done and any sequential history is obtained. The finding of other types of potsherds leads us to conjecture this.

## Pottery Industry:

Pottery assemblage seen in Khapatedanda is enormous in variety. Almost all sorts of potsherds from reed marked to NBPW could be collected from Neolithic to pre-Christian era.**(Fig. VII-XII)** Since the potsherds illustrated here were collected from surface alone, the chronology is based on typology only. For the scientific dating and its age related to the typology it is necessary to put the spade on the site to determine their chronological order.

In the earliest type of potsherd a reed marked potsherd is collected along with other cord marked potsherds as well **(Fig. VII)** Both of them are in black and red ware type. They are the oldest type of potsherds found everywhere in Gangetic valley just before the invention of throwing the pots on the wheels to shape. Side by side there are other red potsherds also recovered from there, which are not thrown on the wheel but hand molded. They are red pottery and ill fired. This type is comprised of mostly high neck pots. **(Fig. VIII)** They are soft in texture and erodes when rubbed with hands. They were found together with gray wares. Some of the gray ware pots also were hand-molded type.
In gray ware there are many variety of pots molded in Khapatedanda. They are from light gray to dark and from rough to polished gray. The utensils are comprised of bowls to dishes as usual.Other types of the pots are to be recovered from there. Some are burnished and some ill fired resulting in red points in many parts of the body. Such pieces were also found in Punditpur and Ramagram in Nawalparasi district some three hundred kilometers west from here.

Four pieces of hand molded high neck pots represent the pre-wheel product. They are also ill fired and stick to the hand with red dust while handling. In the section gray color is the mark of low temperature while firing. **(Fig. VIII)**
But the NBPWs are definitely wheel turned with high quality of polish. They were the luxury pots used by the aristocrats and rich people then. The profuse concentration of NBPW is recorded so far till now from Tilaurakot, Banjarahi, Punditpur and Khapatedanda.

Of the remarkably abundant finds from Khapatedanda is the profuse number of NBPW with varieties of shapes and uses. Also this is the departure deposit of Khapatedanda people. The cause of departure cannot be known precisely until the detail excavation on the site is done. Like in Kapilavastu and Punditpur, it is the last phase of occupation in Khapatedanda. From the finest variety of bowls to many shapes and sizes of dishes are available. Large variety of shapes and sizes of dishes show the complex use of NBPW phase. The rims of the dishes are often red in color. **(Fig. XI)** Sharp, rounded and beveled shapes are also available. The concentration of NBPW shows the economic prosperity of the contemporary society because the NBPW sherds outnumbered the gray ware sherds here.

## Conclusion:

This is the first site of its type traced in Eastern Nepal. No other NBPW sites so far to the east of Punditpur are yet discovered. It is therefore imperative to look through the site and report accordingly. The Department of Archaeology has given due attention and allocated the budget to demarcate the expansion of the site and prepare a contour map in detail for future study and excavation. Let us hope they will be successful to excavate here soon.

The potsherds recovered from Khapatedanda gives the picture of the site to be of equal antiquity

almost contemporary to the sites in Kapilavastu, Rupandehi and Nawalparasi. The findings of NBPW Gray ware, hand molded red ware, reed marked and cord-impressed potsherds are very old variety of pottery industry.

The local inhabitants informed hoards of beads collected from the site and sold in the markets of Dharan some two decades before. **(Fig. XIII)** Few bone beads were also shown. **(Fig. VI)** Side by side the Neolithic Celts are also collected from the site showing the area to be occupied by the men from very early phase of history. This shows the area to be inhabited by man from at least Neolithic period down to the present day. If we can connect the study with the Patu and Ratukhola Mesolithic sites it will definitely give nice picture of prehistoric phase in East Nepal.




Fig. I
© Sheet No 2686
Government of Nepal
Survey Department.



Fig. II, Khapatedanda



Fig. III, Potsherds Concentration



Fig. IV, Close–up of Potsherds Concentration



Fig. V, A section in Khapatedanda



Fig. VI, Neolithic Celts and a Bone Bead.



Fig. VII, Reed Marked and Cord Impressed Potsherds.



Fig. VIII, Soft Red Wares.



Fig. IX, Gray Wares.



Fig. X, NBP Wares (Bowls)



Fig. XI, NBP Wares (Dishes)



Fig. XII, NBP Wares (Dishes)



Fig. XIII, Semiprecious Stone Beads.

Ps: * The scale mark is 1x5 cms grids

* All Photographs are of the author except Fig. II to VI and XIII which credits to Mrs. Aruna Nakarmi.

# प्राचीनकालमा चिकित्सा शास्त्र, चिकित्सा शिक्षा र राजगृहका राजवैद्य जीवक

तारानन्द मिश्र

आचार्य कौटिल्य लेख्दछन- **जहाँ धनी, वेदज्ञानी, राजा, नदी र वैद्य छैनन् त्यहाँ नबस्नु** (अध्या १५, ११५-११६) जम्बुद्वीपका विभिन्न देशहरू र श्रीलंका समेतमा प्राचीनकाल देखि चिकित्सा शास्त्र[1] को विकासको साथै यस शास्त्र बारे अध्ययन-अध्यापन हुँदै आएको छ । १६औं शताब्दीका बादशाह अकबरका कोषाध्यक्ष महाराज टोडर मल्लले लेखेका चिकित्सा शास्त्र (टोडरानन्द, वेज ग्रन्थ सूची, १९८९, ३००) मा वैद्य प्रतिरुपिक वैद्य लक्षण दीक्षा (नव चिकित्सकको शिक्षा) बारे चर्चा गरिएको छ । यहाँ आयुर्वेद शास्त्रमा प्रवृत्त विज्ञहरूको ज्ञानवृद्धिको (ज्ञानार्थमेतत्) त्यस पुस्तकमा प्रयास गरिएका कुराको उल्लेख पाइन्छ । वैद्यवाभटले महर्षि आत्रेयले भनेका कुराको उल्लेख गर्दै लेखेका छन् कि यस जगतमा निरोगी रहनु नै सबै सुखको साधन हो । खास गरी चिकित्साशास्त्र बारेको शिक्षा दिनु (आयुर्वेदोपदेशेषुविशेषः परमादरः) अत्यन्त आदरणीय कार्य हो (वेज सूची पृ. ५८८) । महाभारत (४०० ई.पूर्व ४०० इ.सम्वत्, मित्र लिखित रूपमा आएको) मा गुरुकुल र तिनका संगठन बारे उल्लेख गर्दा सोमस्थान (वनस्पतिशास्त्र, Botany), गरुडस्थान (सर्प आदि विषालु जीवले टोकेको उपचार) बारे चर्चा गरिएको पाइन्छ । महाभारतमा ऋषि शौनकका नैमिष (वन) आश्रम र सरयु नदी नजिक रहेको मालिनी नदीका किनारमा ऋषि कण्वका आश्रम बारे सूचना पाइन्छ । ऋषि कण्वका आश्रममा द्रव्यगुण (Properties of matter) बारे र पशुपंक्षी (Zoology) बारे पनि अध्यापन गराइन्थ्यो । रामायणमा व्रह्मचारीहरूका थुप्रै आश्रम तथा आवसथ (आवास) हरूका साथै तिनका मेखलि नाम भएका महासंघ बारे उल्लेख गरिएको छ । त्यस बखतको सबैभन्दा ठूलो आश्रम थियो प्रयागको भारद्वाज आश्रम, जहाँ राजकुमार भरतले शिक्षा पाएका थिए । बौद्ध साहित्यका विनयपिटक अन्तर्गत चुल्लबग्ग र महाबग्ग, बुद्धघोषले लेखेका अट्ठकथाहरू (सामन्त पासादिक र अन्य), जातक कथाहरू र अथर्ववेदमा चिकित्सा शास्त्र शिक्षाका साथै शैक्षिक संस्था र पढाइने विषयका बारेमा अत्यधिक सूचनाहरू पाइन्छन् । बौद्ध साहित्यमा, तीन वेद (ऋग्वेद, यजुर्वेद र सामवेद) र अट्ठार विद्या (तयो वेदा, अठारसन्नम विज्जथाना नाममा (B.C. Sen, Buddhist jatakas, 1974, 100), उपाध्याय, आचार्य (आकरिया), कर्माचार्य र अध्यापक (अज्झापक) यी चार किसिमका शिक्षक बारे उल्लेख गरिएको छ ( जातक, II, २७७) । बौद्धकाल पछि बौद्ध विहारहरूका केही भागलाई नै ठूल-ठूला विद्यालय र विश्वविद्यालयका रूपमा संगठन गरी सबै विषयका शिक्षा दिने चलन चलेको थियो । बौद्धकालका सबैभन्दा ठूलो र प्रख्यात विश्वविद्यालय गान्धार देशको तक्षशिला (हाल पाकिस्तानको पंजाब प्रदेश) मा थियो । तक्षशिला विश्वविद्यालय बारे बौद्ध र हिन्दू दुवै धर्मका ग्रन्थहरूमा थुप्रै विवरण पाइन्छन् । त्यस बखत उत्तरापथका प्रायः धेरै देशका राजकुमारहरू, धनी व्यापारीका

[1] चिकित्सा शास्त्रलाई वैद्यशास्त्र, आयुर्वेद शास्त्र, आयुर्वेद विज्ञान, निघण्टु, भैषज्यशास्त्र, योगशास्त्र र चिकित्सा तन्त्रका नाउहरूबाट पनि सम्बोधन गरिएको पाइन्छ ।

छोराहरू र अनेक ब्राह्मणहरू तक्षशिला विश्वविद्यालयबाट शिक्षा पाएका थिए । प्रख्यात व्याकरणाचार्य पाणिनी, मौर्य साम्राज्यका निर्माता र कौटिल्य अर्थशास्त्रका लेखक कौटिल्य (विष्णु गुप्त रचाणक्य पनि नाउ भएका) शतपय ब्राहमण (११-४-१-१) र छान्दोग्य उपनिषद् (६-१४) अनुसार उद्दालक आरुणि र उनका छोरा श्वेतकेतु पनि शायद तक्षशिला निवासी नै थिए । चिनिया यात्री युवानच्वांग अनुसार बौद्ध विद्वान र लेखकहरू क्रमशः नारायणदेव, असंग, बसुबन्धु, धर्मतार, मनोरथ र पार्श्व आदि यसै जिल्लाका निवासी थिए (बाटर्स १९७३ पृ: २००) । तक्षशिलामा चतुर्वेद, राजनीति र अठार ओटा शिल्पकलाका साथै चिकित्सा शास्त्र बारे पनि शिक्षा दिने गरिन्थ्यो । दरीमुख जातक र संखपाल जातक अनुसार मगधका राजकुमार अजातशत्रु, कोशलका प्रसेनजित, महालि लिच्छवि, विदेहका राजकुमारहरू, बन्धुलमल्ल आदिले तक्षशिलामा अध्ययन गरेका थिए । ब्रम्हदत्त जातक, भीमसेन जातक, र सेतकेतुजातकमा शिक्षा केन्द्रका रूपमा तक्षशिलाको वणर्न पाइन्छ । तियानाका एपोल्लोनाइल्स (Apolloniles of Tyana) का अनुसार तक्षशिलामा पढ्न ग्रीक विद्यार्थीहरू पनि आउने गर्दथे । तक्षशिला पछि बुद्धकालमै (६००-५०० इ.पूर्वमा) बनारस पनि शिक्षा केन्द्रका रूपमा प्रख्यात भएको थियो । तक्षशिलामा चिकित्साशास्त्रको अध्ययनका लागि सातवर्ष लाग्दथ्यो र यस अवधिको फीस १००० कार्षापण (तत्कालीन मुद्रा) तोकिएको थियो । बौद्धग्रन्थ मिलिन्दपन्हो (प्रथम श.ई.) का अनुसार ग्रीक राजा मिनान्डर अनेक विद्याका साथै चिकित्सा शास्त्रका पनि ज्ञाता थिए[२] । चिकित्सा शास्त्रका आदि ज्ञाताहरू र केही महत्त्वपूर्ण ग्रन्थ, आयुर्वेद शास्त्रको विकास अथर्ववेद कालमै भैसकेको थियो । छान्दोग्य उपनिषद, अश्वलायन गृहसूत्र, गोपथब्राह्मण, याज्ञवल्क स्मृति, महाभारत र रामायणमा यस शास्त्रको चर्चा, औषधिहरूका साथै आयुर्वेदाचार्यहरू बारे विवरणहरू पाइन्छन् । महाभारतका पंचपांडव मध्ये नकुलले लेखेका आयुर्वेद ग्रन्थ र अश्वचिकित्सा ग्रन्थहरू छन्[३] । अनेक आयुर्वेद ग्रन्थ अनुसार आयुर्वेदका प्रथम रचनाकार धन्वन्तरी र पशुचिकित्साका आदि लेखक शालिहोत्रलाई मानिएको छ । महाभारत अनुसार ऋषि विश्वामित्रका छोरा सुश्रुत थिए । सुश्रुतले लेखेका सुश्रुत संहिताका अनेक प्रति राष्ट्रिय अभिलेखालयमा छन् (आयु ग्रन्थ-सूची, २०५९, ६६) । अथर्ववेदमा अनेक रोगका राक्षसहरू र मन्त्रद्वारा तिनको चिकित्सा गरिने विवरण पाइन्छ (Age of Imp unity, 1968, 276) । अश्वघोषले पहिलो श.ई. मा शाक्यमुनिको जीवनी, बुद्धचरित्र महाकाव्य लेख्दा ऋषि आत्रेयले पहिलो पटक चिकित्सा शास्त्र दिएका थिए भन्ने महत्त्वपूर्ण सूचना दिएका छन्[४] । आत्रेयसंहिताको १२० अध्यायहरूको प्रवचन आत्रेयमुनिले अग्निवेश ऋषिलाई दिएका थिए । शायद यस संहितालाई लिखित रूपमा ल्याउने अग्निवेश थिए । त्यसपछि यसको पहिलो श.ई.मा सम्पादन सम्राट कनिष्कका राजवैद्य चरकले गरेका थिए । पछि यसको नाम चरकसंहिता राखियो र यो ग्रन्थ यति प्रसिद्ध भयो भने यसको प्रतिलिपिहरू धेरै अगाडि नै पारसी र अरब भाषाहरूमा गरिएको पाइन्छ । बेजलर (हस्तलिखित ग्रन्थसूची, १९८९ पृ.२५) ले अग्निवेशको समय बौद्धधर्मको उदयकाल (६००-५०० इ.पूर्व) भनी तोकेका छन् । चरकसंहितालाई नवौं श.ई.मा पंजाव (पंचनदपुर) का दृढबलले पुनः थपथाप गरी यस ग्रन्थको सम्पादन गरी पूरा गरेका थिए[५] । राष्ट्रिय अभिलेखालयमा चरक संहिताका चार प्रतिहरू (वेज पृ.२०४, आयु ग्र. सूची, २०५९, १४,१५,७६) छन् । नेपाल राष्ट्रिय अभिलेखालयमा रहेको प्रतिलिपि भारतको

---

2 R.K. Mukherji, Education, The Age of Imperial Unity, Bombay, 1968, 586-594; जातक कथा, भाग १, १५९, भरतसिंह, बुद्धकालीन भारतीय भूगोल, १९९१, ३७५-३७७

३ नकुलले रचना गरेका अश्ववैद्यक शास्त्र (ल.सं. ३२७९/वि.सं. २९) को एक प्रति नेपाल मंडलमा सं.१९२ (ई.सं. १०७२) अथवा ई.सं. १३७ मा सारिएको ग्रन्थ छ । यस ग्रन्थको आदि वाक्य निम्न अनुसार छ - जयति पाण्डवानाथो धर्मनिधि युधिष्ठिरो नृपतिः । साथै टोडरमल्लले आफ्नो आयुर्वेद ग्रन्थ टोडरानन्दमा पनि कुन्तिसुत नकुललाई आयुर्वेद ग्रन्थका रचनाकार भनी लेखेका छन् (वेजलर ग्रन्थ सूची १९८९, पृ.२८) ।

४ बुद्धचरित, संपा, ई एच. जनस्टन, नयाँ दिल्ली, १९७२, I, ४३; महाकवि अश्वघोषले पहिलो श.ई.मा लेखिएको बुद्धचरित (अध्या ४, ३, चिकित्सितं यञ्च चकार नात्रिः पश्चान्तदात्रेय ऋषिर्जगाद् ।) मा चिकित्सा शास्त्र पहिलो पटक ऋषि आत्रेयले दिएका थिए भन्ने विवरण पाइन्छ (Johnston, Buddhacharita, 1972, II, 10 "The Science of Medicine was proclaimed by the seer Atreya") ।

रोग र वैद्यको उत्पत्ति बारे ललित विस्तर ग्रन्थ (२०० ई.पूर्व-२०० ई. संवत्) मा पनि चर्चा गरिएको पाइन्छ । (संपा, राजेन्द्रलाल मित्र पृ. ४४८,

"चिरातुरे जीव लोके क्लेश व्याधि प्रपीदिते ।
वैद्यराट् त्वम समुत्पन्नः सर्व्वव्याधि प्रमोचकः ॥")

हेको प्रतिलिपि भारतको बुंदेलखण्डको जेभ्रौतिबाट आइ लिखेलमा बसेका कायस्थ पंडित रत्नपालले महासामन्त रत्नदेवका शासनकालमा ने.सं. ३०३ (इ.सं. ११८३) मा गरेका थिए । यस ग्रन्थमा आठवटा प्रमुख रोगहरू, रोगीले खानेकुरा पथ्य), उपायहरू, दिशा-रगत-पिशाव आदिको जाँच Pathology), शरीर रचना (Anatomy) र भ्रूण बारे Embryology) अध्यायहरू छन् ।

अर्को प्राचीनतम् चिकित्साशास्त्रको ग्रन्थ हो ऋषि सुश्रुतले लेखेका सुश्रुतसंहिता । सुश्रुतसंहिताको अर्को नाम सहोत्तरतन्त्र पनि हो । केशर पुस्तकालयमा सौश्रुत संहिताको ई.सं. ८७८ सम्वत् ३०१) मा राजा मानदेवकालको पछिल्लो लिच्छवि लिपिमा लेखिएका ताडपत्रका हस्तलिखित ग्रन्थको एउटा प्रति छ ( लु.पेटेक १९८४, २९,); धनवज्र, लिच्छवि कालका अभिलेख, २०३०, पृ. ५९९) । यो ग्रन्थ दुरी ग्वलक बासी वैद्य वसुवर्माको थियो (सहोत्तरतन्त्र मिति......... प्रालिखत्सुश्रुताख्यम्... ठित्वार्थमवगम्य सर्वसत्वानामुपदेशं विधातुं... ) र उनले यो ग्रन्थ आफू पढ्न र विद्यार्थीहरूलाई पढाउनका लागि समेत प्रतिलिपि गरेका थिए भन्ने थाहा पाइन्छ । यस बाहेक सुश्रुतसंहिताका तीन वटा ग्रन्थ र फोटोकपी समेत राष्ट्रिय अभिलेखालयको हस्तलिखित ग्रन्थ पुस्तकालयमा छ ( आयुर्वेद ग्रन्थ सूची, २०५९, ६६) । सुश्रुतसंहिताको आधारमा दोश्रो श.ई.मा बौद्धधर्मका महायान शाखा अन्तर्गत माध्यमिक संप्रदायका संस्थापक आचार्य नागार्जुनले योगशतक ग्रन्थको रचना गरेका थिए । यस ग्रन्थको ब्याख्या पंडित ध्रुवपादले गरेका छन् र जीवदेवले यसको प्रतिलिपि तयार पारेका हुन् । सुश्रुतादि संहिताया उत्तरतन्त्र दर्शनात् । इहाप्यष्टमायुर्वेद कथन कृतमिति॥ सोलहौं श.ई. मा टोडरानन्दले लेखेका चिकित्साशास्त्र टोडरानन्द ग्रन्थ (वेज १९-८९, ३००) मा पनि सुश्रुत संहिताको उल्लेख पाइन्छ ('प्राचीन शास्त्राणि भिन्न प्रमेयाणि निरीक्ष्य सम्यक् सुश्रुतादिसारमुदृत्य सादरम्' ॥ आचार्य नागार्जुनले लेखेका अन्य ग्रन्थ छन् : योगसार (वेज पृ. ३५३), कक्षपुट आयु: ग्र.सूची २०५९, ८,९ र ८५), मण्डकल्प, जसको सम्पादन नागार्जुनका छात्र र तृतीय श.ई. का बौद्धविद्वान आर्यदेवले गरेका छन् (वेज पृ.५१३-५१५) । यस बाहेक पञ्चपाण्डव मध्ये नकुल (आयु ग्र.सूची २०५९, ९०) अश्वचिकित्सा, ९२, अश्ववैद्यक शास्त्र, १९२ असाडवदी ३ (१३५ इ.सं. मा) पृ.९३- नकुल चिकित्सितम्, ने.सं. ७९९ मा हेमन्तमल्लले सारेका), ऋषिपालले लेखेका हस्त्यायुर्वेद (पालकाव्य, आयु ग्र.सूची ८७-८८) आदि ग्रन्थ छन् । यस्तै प्राचीन ग्रन्थ काश्यपमुनिले रचना गरेका काश्यपसंहिता (आयु सू.२०५९, ६०) र गर्गऋषिले रचना गरेका अश्वायुर्वेद (वेज पृ. २७०, गणद्वारा रचित अश्वायुर्वेद ग्रन्थमा यसरी लेखिएको छ : ये शालिहोत्र... गर्गैस्तु महर्षिभिः पुरा गदिताः॥ यस्तै लेहचिंतामणि (आयु ग्र.सूची २०५९, ४०-४१) मा चिकित्साशास्त्रका धन्वन्तरि, सुश्रुत, आत्रेय आदिलाई मुनिवर र अष्टांगसंहिताका रचनाकार वाग्भट्ट, चरक, विश्वनाथ तथा चक्रपाणि आदिलाई सिद्धचिकित्सक भनी सम्बोधन गरिएको छ । मथुरा (सूरसेनदेश) बासी कविराज मिल्हणले लेखेका चिकित्सामृत नाउको ग्रन्थमा (वेज सूची, पृ.२८८, २९१, आयु ग्रन्थ सूची, २०६०, १५-१६) पूर्वका धरवैद्य, मिल्हणका बुबा लोहटवैद्य, मालवदेव, मालवा (मध्य भारत) का अर्जुनवैद्य र कवीश्वर (वैद्य) मदन तथा रुग्विनिश्चयका रचनाकार माधव आदि चिकित्सक र चिकित्साशास्त्रका ग्रन्थकारहरू बारे उल्लेख पाइन्छ । त्यस्तै हरमेखला नाउको एउटा महत्त्वपूर्ण ग्रन्थको अनेक प्रति राष्ट्रिय अभिलेखालयमा छ । यस ग्रन्थका लेखक गुजरातका भिल्लमालनगरका बासी महाकवि माघका वंशज र दुर्जय भट्टका शिष्य माहु हुन् । यो ग्रन्थ प्राकृत भाषामा छ तर यसका टीका ग्रन्थ (हरमेखलाटीका ग्रन्थ र प्रताप मल्लका पुस्तक) मा संस्कृत छाया पाइन्छ (वेज सूची पृष्ठ ५८९-५९१) । एउटा लगभग ७०० वर्ष जति प्राचीनग्रन्थ छ - काश्यपसंहिता (आयु ग्र.सूची, पृ.६०), सम्भवतः यसको रचना काश्यपमुनिले गरेका थिए । कुनै बौद्धविद्वानले पहिलो श.ई.पूर्व अथवा प्रथम श.ई. सम्वत् भित्र रचना र नेपालका ने.सं. २८ (ई.सं. ९०८) मा गुप्ताक्षर, प्राचीन नेवारी आदि लिपिमा लेखिएको ग्रन्थ छ - लंकावतार (आयु ग्रन्थ सूची ६४, वेज पृ.२५८) । भेलसंहिता ग्रन्थमा सुश्रुतसंहिता र चरकसंहिता दुवैको सार पाइन्छ (Age of Imp unity, 1968, 277) ।१८९० ई. मा कशघरबाट पाइएको एउटा चौथो श.ई. मा रचना गरिएको महत्त्वपूर्ण ग्रन्थ

---

आयु ग्रं. सूची, २०५९, १४-१५, चरकसंहिताको आदिवाक्य यसरी छ - 'अथातो दीर्घजीविनीयं मध्यायं इतिहस्माह: भगवांनात्रेय: दीर्घं जीविन मन्विच्छन्नरद्वाज उपागमत् ।'

अन्यवाक्य: आयु. ग्र सूचि, पृ. २७, बालबोध, 'इत्याह भगवन्नात्रेयपाद्योपि महर्षय: ॥ अग्निवेश कृते तन्त्रे चरक प्रतिसंस्कृते सूत्रस्थादन मिदं चित्रं यथावच्च ममाप्यने ॥

छ जसमा प्राचीन आयुर्वेदाचार्य आत्रेय, खारपाणी, जातुकर्ण, पराशर, भेद, हारीत र सुश्रुत बारे उल्लेख पाइन्छ । पूर्व तुर्कीस्तानबाट छाला माथि लेखिएको नवनीतक नाउको चिकित्साग्रन्थ पाइएको छ, जसको रचना दोश्रो श.ई. मा भएको थियो । यी माथिका दुवै ग्रन्थहरू प्राकृतबाट प्रभावित संस्कृत भाषामा लेखिएका छन् (Age of Imp unity, 1968, 277) । विनयपिटकका महावग्ग (अध्याय ६, २२) मा औषधिहरू जडापात, फलफूल, गूद र नूनबाट बनाउने बारे उल्लेख पाइन्छ । चूनलाई खटेरा विरुद्ध प्रयोग गरिने, एक किसिमको माटोको प्रयोग छालाका रोगहरू निको पार्न, आँखाका लागि अञ्जनको प्रयोग, मलहम र औषधि समेत मिसाइएका तेलहरू बारे विवरण पाइन्छन् । यस बाहेक त्यहाँ शल्यक्रिया, सेक्ने, मलहम पट्टिद्वारा घाउ निको पार्ने र सियो (Cyringe) बारे पनि चर्चा गरिएको छ । आचार्य नागार्जुनद्वारा संपादित योगशतकार योगसार (वेज पृ. ३५३, इति नागार्जुनकृते योगसारे श्री चिकिसा) मा दिशा पिशाव, रगत आदिको जाँच गर्ने (Patholoy) शरीर रचना (Anatomy), भ्रुणबारे (Embryology) यौगिक व्यायाम (Therapeutics) र नशाबारे (Toxicology) का अध्यायहरू छन् । तर सबभन्दा महत्त्वपूर्ण सूचना यसका दुईओटा अध्यायले दिन्छ जहाँ चिरफाड (Surgical) गर्ने र औजारहरू (Instruments) र चिरफाड गर्ने तरिका (Mode of operation) बारे उल्लेख पाइन्छ ।

दोश्रो श.इ. पूर्वका महर्षि पातञ्जलिले आफ्नो दर्शन ग्रन्थ योगसूत्रमा चिकित्साशास्त्रलाई चारभागमा बाँडेका छन् । ती हुन् रोग लाग्नु (रोगा:) रोग लाग्ने कारणहरू (रोगहेतुर), आरोग्य हुनु (आरोग्यम) र चिकित्सा गर्नु (भैषज्यमिति)[६] चरकसंहितामा आठवटा प्रमुख रोगहरू (अष्टचिकित्सा लक्षण), रोगका लक्षणहरू, रोग लाग्ने पाँचवटा कारण (दोष पञ्चात्मक), रोगले गर्दा दु:ख (दोषवेदना), रोगको परीक्षा (भेषज परीक्षा), द्रव्यका पाँचवटा लक्षणहरू (पंचात्मक द्रव्य लक्षणादि) र जिउमा रहेको बल (बलसाम्य परीक्षा) आदिका खुलस्त विवरण पाइन्छन् । यस्तै विवरण टोडर मल्लको ग्रन्थ टोडरानन्दमा पाइन्छ । यस्तै सूरसेन देशका (मथुराक्षेत्रका) आयुर्वेद आचार्य मिल्हनका ग्रन्थमा किसिम किसिमका रोगहरू, उदाहरणका लागि विस्फोटाधिकार, श्लीपदाधिकार, वातरोग, उन्मादरोग, दाहाधिकार, सानासाना रोगहरू, आँखाका रोगहरू, नाकका रोग, स्त्रीरोग, बालरोग, विषबारेका रोगका साथै रोगीले भनेका कुराहरू मनाउने उपाय (बाजिकरण विधि) बारे विवरण पाइन्छ । यस बाहेक रसायन बनाउने, कपालको रक्षा गर्ने (केशरञ्जनयोगा षटकर्मग्रन्थ वेज पृ.४९६), पकाएर औषधि बनाउने (पाकावली), बच्चा नहुने आइमाइलाई गर्भधारण गराउने (बन्ध्यापुत्रकरणं) आदि विधि लेखिएका अनेक ग्रन्थ छन् । यस्तै आकाश भैरव तन्त्र नामको ग्रन्थ (वेज पृ.५९८-६०१) मा जादु र तांत्रिक विधिबाट रोगको उपचारबारे, पंक्षीको रोगको उपचार, रोगका नामहरू र औषधि गर्ने प्रक्रिया आदि छन् । अर्को ग्रन्थ छ दत्तात्रेयतन्त्र (वेज पृ. ५९५, ५९६), जसमा स्त्रीलाई वशमा गर्ने, इन्द्रजालको प्रदर्शन, रसायनका नाम, बाँझो महिलालाई गर्भधारणा गराउने, आगो, बाघ र विच्छीको उपचार बारे पनि उल्लेख पाइन्छ । इ.पूर्व २७६, २३६ भित्रको अशोकको गिरनार अभिलेखमा मनुष्य र पशुका लागि भिन्ना-भिन्नै अस्पतालहरू (मनुस चिकिछा च पशुचिकित्सा, औषधिका लागि मूल (Roots) र फल (Fruits) को प्रयोगका साथै औषधिको खेतीका लागि बगैंचा (Botanical Gardens) को समेत राजाले व्यवस्था गरेका थिए भन्ने

६ पातंजलि दर्शनम् संपा जिवानंद विद्यासार, कलकत्ता, १८७४, quoted by H. Kern Manual of Indian Buddhism, Delhi, 1974, 47

७ बासुदेव उपाध्याय, प्राचीन भारतीय अभिलेख, १९६१ पृ.३, तिब्बतको रवा(Rwa)बाट नेपालमा १०३० मा पढ्न आउने वज्रकीर्ति लेख्दछन्- काठमाडौं उपत्यकामा औषधीतत्त्व भएका थुप्रै बगैंचाहरू छन् ("There are fine gardens with medicinal herbs and flowers"; Hubert Decleer, Vajrakirti, The Translator from Rwa, Buddhist Himalaya, 1994-95, vol-VII, 1-16); तारानन्द मिश्र, प्राचीन नेपाल, संख्या-१५९, पृष्ठ २६ ।

८ बासुदेव उपाध्याय, भारतीय अभिलेख, १९६१, II, ७८, वैन्यगुप्तको ५०७ ई. को ताम्रपत्र लेखमा भिक्षुसंघका लागि बस्ने, खाने, लुगाका साथै औषधी (भैषज्यादि परिभोगाय विहारे च) को पनि व्यवस्था बारे लेखिएको छ । बासुदेव उपाध्याय, II, पृ. १६३, देवपालको नालंदा ताम्रपत्रमा पनि तान्त्रिक, ज्ञानी भिक्षु र विद्वानहरूका लागि लुगा, खाना, सुत्ने र औषधिको व्यवस्थाका लागि जग्गा दान गरिएको व्यहोरा उल्लेख भएको छ (तान्त्रिक बोधिसत्वगणस्याष्ट महापुरुषपुद्गलस्य--बलि चरु सत्र चीवरिपिण्डपात शयनासन--भेषज्याद्यर्थ--शासनीकृत प्रतिपादिता) । धनवज्र वज्राचार्य, लिच्छविकालका अभिलेख, २०३०, ४७२, ई.सं. ६४५ (सं. ६९) को अभि-दानशृङखलिक पाशुपतानां ग्लानभैषज्यार्थं दत्तं । धनवज्र, २०३०, २८३ लेखको सम्वत् ५२६ (इ.सं. ६०४) को अभिलखेमा अस्पतालको उल्लेख छ (आरोग्यशालाया) । धनवज्र, २०३०, ५१४ लगनटोलको ई. सम्वत् ६९५ को अभिलेखले त्यहाँ चिकित्सकहरूको गाउँ रहेको (वैद्यग्रामके) कुरा प्रमाणित गर्दछ ।

च रोपापितानि च)[७] । कौटिल्य अर्थशास्त्रमा पनि औषधीजन्य वनस्पति, मूल र फूल विरुवाहरूको खेती बारे उल्लेख पाइन्छ (अध्याय २, Age of Impunity, 1968, 598) । लगभग ४०५ इ.सं. मा उत्तरी भारतको भ्रमण गर्दा चिनिया यात्री फाहियान लेख्दछन्: वैश्यहरू यहाँका नगरहरूमा धर्मशाला स्थापना गर्दथे जहाँ सित्तैमा खाना र औषधिको व्यवस्था थियो (लेग्गे:१९७१, ७९) । यस्तो व्यवस्था भारत र नेपालको लिच्छविकालमा समेत कायम थियो[८] ।

चिनिया विद्वान भिक्षु युवानच्वाँगले सातौं श.इ. मा भारत भ्रमण गर्दा शिक्षा बारे लेखेका छन् : जब बालक सातवर्षको उमेरमा पुग्दथ्यो, उसलाई पंचविद्याहरू, क्रमशः शब्दविद्या, शिल्पस्थान विद्या, चिकित्सा विद्या, हेतुविद्या र आध्यात्मविद्याको शिक्षा दिने चलन थियो । पंचविद्या स्थानानिको उल्लेख १२२६-३६ मा नेपाल आएका तिब्बती विद्वान धर्मस्वामीले पनि गरेका छन् । अर्का तिब्बति विद्वान लामा तारानाथले पनि यसको उल्लेख गरेका छन् । युवानच्वांग अनुसार ब्राह्मणहरू चारवेद पढ्दथे, जसमध्ये चौथो (अथर्ववेद) मा विज्ञान, चिकित्सा विज्ञान र मन्त्रको जाप गर्ने विषयहरू थिए (SI-YU-KI, Beals, 1981, II, 78-79)। रुद्रदामनको गिरनार अभिलेख (इ.सं. १५०-५१) मा शब्दविद्या, गान्धर्व, न्याय र विज्ञानविद्या बारे चर्चा गरिएको छ (वासुदेव उपाध्याय, भारतीय अभिलेख, १९६१, II, ४५) ।

तक्षशिला र बनारस पछि पाँचौ श.ई. मा गुप्तराजाहरू (कुमार गुप्त) (४१४-४५५ इ.सं.) र उनका उत्तराधिकारीहरू क्रमश: बुद्धगुप्त, बालादित्य, नरसिंहगुप्त र तथागतगुप्त) का शासनकालमा राजगृह र पाटलीपुत्रका माझमा निर्माण गरिएको प्रख्यात नालंदा विश्वविद्यालयमा चार वेद, बौद्ध साहित्य, व्याकरण र दर्शनका साथै चिकित्साशास्त्रको पनि शिक्षा दिने व्यवस्था थियो । लामा तारानाथले आचार्य रवि गुप्त र आचार्य चन्द्रगोमीलाई नालंदा विश्वविद्यालयका शिक्षक थिए भन्ने वर्णन गरेका छन् । त्यहाँका आचार्य चन्द्रगोमी बारे १२३५-३६ मा त्यस विद्यालयमा पढ्न गएका तिब्बती विद्वान धर्मस्वामीले पनि लेखेका छन् (धर्मस्वामीको जीवनी, संपा, तारानन्द मिश्र, २०६०, ८५,९०,९१) । लामा तारानाथले श्रीहर्ष (राजा हर्षवर्धन) पछि वरेन्द्र (बंगाल) का चन्द्रगोमीले एउटा महायानी आचार्य स्थिरमतिसँग पंचशिक्षा, व्याकरण र अभिधर्म बारे शिक्षा पाएका थिए भनी लेखेका छन् । तारानाथ अनुसार पछि चन्द्रगोमीले नालंदा विश्वविद्यालयमा पढाउन थालेका थिए र उनले चिकित्साशास्त्र लगायत सयवटा विषयमा ग्रन्थहरूको रचना गरे एच.कर्ण (दिल्ली, १९७४, १३०) का अनुसार चन्द्रगोमीको समय ६३० देखि ६४० ई.संवत तोक्न सकिन्छ । तारानाथ अनुसार चन्द्रगोमीले लेखेका चिकित्सा शास्त्रका निम्न ६ वटा ग्रन्थहरू तिव्वतमा छन् :

(क) अकालमरण निवारण उपाय
(ख) कुष्ट चिकित्सा उपाय
(ग) ज्वर रक्षा विधि
(घ) पशुमारी रक्षा विधि
(ङ) सिद्धिसाधन अनुसारेण मृत्वत्सा चिकित्सा
(च) आयु:वर्द्धनि ताराकल्प आदि[९]

राष्ट्रिय अभिलेखालयमा दुर्गागुप्तका छोराहरू विष्णु गुप्त र रवि गुप्तले लेखेका चिकित्साशास्त्रका सिद्धिशास्त्रसंहिता नामका दुइवटा ग्रन्थहरू छन्[१०] । दुर्गा गुप्त र विष्णु गुप्तको परिचय बारे अहिलेसम्म केही थाहा पाउन सकिएको छैन तर रवि गुप्त बारे लामा तारानाथ र एच. कर्णले उल्लेख गरेका छन् । लामा तारानाथले रविगुप्तलाई एउटा ठूलो तर्कशास्त्री र वागीश्वरकीर्ति, ज्ञानश्री मित्र, रत्नवज्र र नारोपाका सहकालका तथा पालराजा महिपालका शासनकाल (आठौं-नवौं श.ई. का विद्वान थिए भन्ने परिचय दिएका छन् (बुद्धधर्मको इतिहास,

---

९ Taranath's History of Buddhism In India, Ed. by. D.P. Chattopadhyaya, Delhi, 1990, 402. In Ig (of Tibet) there are over sixty works of Chandragomi. राष्ट्रिय अभिलेखालयमा चन्द्रगोमीका ५ प्रति व्याकरण ग्रन्थ छन् । तर उनको चिकित्साशास्त्रको कुनै ग्रन्थ अहिलेसम्म यहाँ पाइएको छैन ।

१० वेज ग्रन्थ सूची १९८९, पृ.१५४ सिद्धिसार संहिता, ग्रन्थ सं. १११४ क, नेवारी लिपि, श्रीललितव्युमाया श्रीमनिगलके:---श्रीवुवहारवैद्य---श्रीजय ---केयम । इदं वैद्यशास्त्र सिद्धिसार निघण्टक समेतं लिखित मिति । सिद्धसार संहिता (सारसंग्रह, सारोत्तर निघण्टु, सिद्धसारनिघण्टु) का सातवटा प्रति राष्ट्रिय अभिलेखालयमा छन् (आयुर्वेद, ग्रन्थ सूची, २०५९, ६६) । यसका एउटा प्रतिमा 'दुर्गापुत्र विष्णु गुप्तकृता, वेज पृ. १५४ र अर्को प्रति (वेज पृ. १३९ र वेज पृ.२४८) मा दुर्गगुप्तस्य सुनुना सिद्धसारेयं रविगुप्तेन वक्ष्यते, र रविगुप्तेन रचित: लेखिएकाले यस ग्रन्थका रचनाकार विष्णु गुप्त र रवि गुप्त दुवै दाजुभाइ थिए भन्ने थाहा पाइन्छ । सिद्धसारको एउटा ग्रन्थ गुप्ताक्षर अर्को मैथिली लिपिमा छन् (आयु.सूचि: २०५९, ६६)।

संपा. देवी प्रसाद चट्टोपाध्याय, १९९०, २९४-३०३) । यसले रवि गुप्त शायद नालंदा अथवा विक्रमशिला विश्वविद्यालयका चिकित्साशास्त्रसँगै अन्य विषयका समेत उपाध्याय थिए भन्ने थाहा पाइन्छ । नेपालमा उनका आठौं-नवौं श.इ. मा गुप्ताक्षरमा लेखिएका ग्रन्थले तारानाथको भनाईलाई समर्थन गर्दछ ।

## राजवैद्य र बौद्धधर्मका महान उपासक जीवक

बौद्धकाल (६००-५०० इ.पू.) मा एशियाकै सबभन्दा ठूला चिकित्सक (औषधचिकित्सा र शल्य चिकित्सा दुवै विधिका ज्ञाता) थिए राजगृहका बासी जीवक । हुन त बौद्धत्रिपिटक मध्ये विनयपिटकले राजगृहका दुइवटा चिकित्सकहरू क्रमशः जीवक र आकाशगोत्र बारे उल्लेख गरेको छ तर आकाशगोत्र बारे नाम बाहेक केही थाहा पाइएको छैन (भरतसिंह, १९९१, १४३) । जीवक राजगृहका वेश्या शालवति र राजकुमार अभयका छोरा भएको महावग्ग (८।१) मा उल्लेख छ । तर तिब्बती अनुश्रुति अनुसार उनी राजा बिम्बिसारका अवैध सन्तान थिए (रकहिल, पृ. ६४) । जीवकका आमाले उनलाई जन्मनासाथै राजदरबारको ढोका अगाडि खरानीको थुप्रोमाथि फ्याँकेर गएकी थिइन् । उनको पालन-पोषण बिम्बिसारका छोरा अभयले गरेका थिए । ठूलो भएपछि उनलाई चिकित्साशास्त्र पढ्न तक्षशिला पठाइयो । त्यहाँ उनले चिकित्साशास्त्रका प्रख्यात शिक्षकहरूसँग सातवर्षसम्म अध्ययन गरेका थिए । उनी बालरोगका पनि विशेषज्ञ भएकाले पाली बौद्ध साहित्यमा उनलाई कौमारभृत्य (रकहिल, पृ.३०) भनी सम्बोधन गरिएको छ । जीवकको अध्ययन समाप्त भएपछि उनलाई उनका शिक्षकले एउटा कुटो र झोला दिएर तक्षशिला नगरको चारैतिर एक योजन (लगभग सात मील) सम्मका ठाउँबाट औषधतत्त्व नभएका बनस्पति खोजेर ल्याउने आदेश दिए । दिनभरि जीवकले खोज्दा एउटा पनि त्यस्तो बोटविरुवा पाएनन् र साँझपख उनले रित्तो हात फर्की गुरुलाई सो कुरा बारे बिन्ति गरे । उनको यस प्रयासको गुरुले सराहना गर्दै उनलाई केही रकम बाटो खर्च दिएर घर गइ आफ्नो चिकित्सा पेशा आरम्भ गर्न सल्लाह दिए । तक्षशिलाबाट घर फर्कदा उनी भद्रनगर, उदुम्बरिका, रोहीतक (रोहतक), मथुरा, यमुनाको किनार, वैशाली र अन्तमा आफ्नो निवासस्थल राजगृह पुगेका थिए[११] । यो प्राचीन उत्तरापथ राजमार्ग (Highway) थियो जसको प्रसार पुरै जम्बुद्वीपको उत्तरी भागमा प्रायः सबै जनपद र नगरका साथै पंजाव देखि राजगृह र ताम्रलिप्रि (बंगाल) को खाडीनगरसम्म थियो । तर जीवक यमुनाकिनारका नगर साकेतसम्म पुग्दा उनको बाटो खर्च सकियो र उनले राजगृहसम्म पुग्न खर्चको खोजीमा एउटा व्यापारीको स्वास्नीको सातवर्ष देखिको टाउको दुख्ने रागको उपचारका लागि तताएको घ्यूमा केही जडिबुटी मिलाएर उनको नाकभित्र हालिदिए । यसरी त्यस नारीको टाउको दुख्ने रोग निको भयो र पुरस्कारस्वरूप जीवकले १६००० रूपैयाँ, घोडा समेतको बग्गी, एउटा दास र एउटी दासी समेत पाएका थिए । राजगृह पुगेपछि जीवकले राजा बिम्बिसारको भगन्दर रोगलाई निको पारे । यसपछि राजा बिम्बिसारले उनलाई आफ्ना राजवैद्य र पछि शाक्यमुनिबुद्ध तथा बौद्धसंघका पनि बैद्यका पदमा राखे[१२] । राजगृहकै एउटा अत्यन्त धनी व्यापारीको उनले शल्यकृयाद्वारा रोग निको पार्दा उनले दुईलाख तत्कालीन मुद्रा पाएका थिए । बनारसका एउटा अर्को व्यापारीको छोराको व्यायाम गर्दा आँत पल्टिएको (twisted intestines) थियो जसको जीवकले शल्यकृया गरी उपचार गरेर १६००० मुद्रा पाए । यसै गरी उज्जैनराज्यका राजा प्रद्योतलाई पाण्डुरोग (Jaundice) हुँदा उनलाई निको पारेर राजाबाट शिविजनपदमा तैयार पारिएको लुगा सिवेय्यक पाएका थिए । त्यो अत्यन्त महंगो र राम्रो लुगा उनले भगवान बुद्धलाई उपहार चढाएका थिए । एकपटक भगवान बुद्धलाई कब्जियत भएर दिशा भएन, जीवकले उनलाई तीन वटा विरेचक औषधि हालेका कमलका फूलहरू सुँघ्न दिए, तातो पानीले नुहाउन लगाएर र केही दिनका लागि रसिलो खानेकुरा (Liquid food) ख्वाएर सन्चो पारेका थिए[१३] ।

भगवान शाक्यमुनिको पटक पटक चिकित्सा गर्दा उनको जीवनमा एउटा ठूलो मोड आएको पाइन्छ र उनी बुद्धका

[११] मूलसर्वास्तिवाद विनयपिटक, गिलगिट मेनस्क्रिप्ट, अध्याय ३, भाग २ पृ. ३२-३८, 'ततो जीवको अनुपूर्वेण भद्रकरं नगरमनुप्राप्त; । सो अनुपूर्वेण राजगहंगतः' । भरतसिंह उपाध्याय, बुद्धकालिन भारतीय भूगोल प्रयाग, १९९१, ४४६-४४७ ।

[१२] भरतसिंह, १९९१, ४२९ ; The Age Of Imperial Unity, Bombay, 1968, 588

[१३] राधाकुमुद मुकर्जी, हिन्दू सभ्यता, दिल्ली, १९६५, २६२-२६३ ; Age of Impunity, 1968, 588

भगवान शाक्यमुनिको पटक पटक चिकित्सा गर्दा उनको जीवनमा एउटा ठूलो मोड आएको पाइन्छ र उनी बुद्धका व्यक्तिगत सम्पर्क र प्रवचनहरूका प्रभावले बुद्धधर्म प्रति र भगवानप्रति ठूलो आस्थावान र समर्पित भएका थिए । जीवक सारिपुत्र जस्तो भिक्षु बनेनन् तर सेठ्ठि अनाथपिण्डक, उपसिकाहरू आम्रपाली र विशाखा जस्तै बुद्धधर्मका ठूला उपासक बन्न पुगे । उनको निजी जीवनमा विरक्ति थियो त्यसैले उनले जीवनभर ब्रम्हचारी जस्तै एक्लै रहे । आफ्नो उपार्जनको एउटा ठूलो भाग उनले बुद्धधर्म र संघको सेवामा अर्पण गरेका थिए । जीवकले राजगृहनगरको बाहिर आँपको बगैंचामा जीवकाम्रवन विहारको निर्माण गराएका थिए (पपंचसूदनी, ३, ४५-४६) । जीवकाम्रवनको उल्लेख दीघनिकायको महापरिनिर्विाण सुत्तमा पाइन्छ र यसै विहारमा भगवान बुद्धले राजा अजातशत्रुलाई सामञ्ञफलसुक्तको उपदेश दिएका थिए । मज्झिम निकायको जीवक सुत्तन्तको उपदेश भगवान बुद्धले यसै जीवकाम्रवनमा दिएका थिए । यस विहार बारे उल्लेख विनय पिटकमा पनि पाइएको छ (हिन्दी अनु. पृ.३९६) । थेरीगाथा अनुसार भिक्षुणी सुभा यही बस्दथिइन् (थेरीगाथा, बम्बई संस्करण, पृ.३३ र पृ.७६) । सुमंगलविलासिनी र दीघनिकायमा वर्णन गरिए अनुसार देवदत्तले राजगृहको एउटा टाकुराबाट ढुंगा खसाली र मातेका हात्तीद्वारा भगवानलाई मार्न खोज्ने मगधका सम्राट अजातशत्रु जीवककै प्रेरणाले गर्दा शाक्यमुनिका ठूला भक्त र उपासक बनेका थिए (विनयसुक्त, ३, २४३, दीघनिकाय, १, ५०) । एउटा जुनेली रातमा जीवकले अजातशत्रुलाई १२५० जना भिक्षुहरूको माँझमा लग्न खोज्दा राजालाई आफ्नो जीवनमाथि खतराको षडयन्त्र बारे शंका भएको थियो । तर त्यस शान्त जनसमूह माझ पुग्दा उनले आफ्ना छोरा उदायीभद्द पनि त्यत्तिकै शान्त र सुशील बनोस् भन्ने इच्छा जाहेर गरेका थिए । भारहुतको स्तूपमाथि द्वितीय श.ई. पूर्वको एउटा अभिलेखले अजातशत्रुले बुद्धका पाउलाई ढोक्दै कुँदिएको दृश्य र निम्न कुरा लेखिएका छन् - "मागधो अजातशत्रु वेदेही पुत्तो भगवतो पादे शिरसा बन्दति ।" भगवान शाक्यमुनिको कुशीनगरमा महापरिनिर्वाण हुँदा अजातशत्रु सेना समेत पुगी भगवानका अस्थिकलशको एउटा भाग ल्याएर राजगृहमा विशाल स्तूपको निर्माण गराएका थिए (दीघनिकाय, २, १६६, दिव्यावदान, ३८०) । यी सबै कुरामा जीवकको प्रेरणा थियो ।

भारतीय पुरातत्त्व सर्वेद्वारा राजगृहमा जीवकारामको प्राचीन वास्तुको उत्खनन् भैसकेको छ । जीवकाराममा तीनवटा अण्डाकार (Elliptical) सभागृहहरू र वर्गाकार कोठाहरू पाइएका छन्[१५] । लगभग ४०६ इ.सम्वत्मा चिनिया यात्री फाहियानले जीवकाम्रवनलाई नगरको उत्तर-पूर्व दिशाको एउटा मोडमा देखेका थिए । अर्को चिनिया यात्री युवानच्वाँगले सातौं श.इ. मा जीवकको घरलाई भत्केको अवस्थामा देखेका थिए[१६]।

१४ मुकर्जी, १९६५, २६३, चरक कल्पस्थान, १,१९, Age of Imp. Uinity, 1968, 588, चुल्लवग्ग, अध्याय ५, २७,४, चीवरवस्तु, मूलसर्वास्तिवाद विनय, गिलगिट II, २ पृ ५२ ।

१५ P.K. Acharya, Mansarasilpasastra, Allahabad, 1927, 84, Kukkutanda-Samakara (shaped like the egg of a hen, or oval shape). The silparatna also mentions about oval or elliptical form and spells it as vrittayat or kukkut-anda-sadrisa. H. Sircar, Studies In Early Buddhist Architecture of India, Delhi, 1966, pp.15-16, fig.2 on page 17. Indian Archaeology, A review, 1954-55, 16-17, The age of imp. unity, 1968, pp. 27-28

१६ Fa-Shian Write, Thomas Watters, on Yuan chawangs Travels In India, Delhi, 1973, II, 150, '(There) was a tape on the spot where Jivaka, the great physician, had built a hall for the Buddha. Remains of the wall and of the plants and trees within them still existed. Julai (Buddha) often stayed there. Beside the tope the ruins of Jivaka's private residence still survived.'
'Al- The north-east corner of the city in a curving givaka built a vihara and invited Buddha with his 1250 disciples to it, that he might their make his offerings to support them.'

# JĪVAKĀMRAVANA

## RAJGIR : 1954-55

SCHEMATIC PLAN

SCALE OF FEET / METRES



# चोरी भएको जानकारी प्राप्त भएका र प्रहरीद्वारा प्राप्त बरामदी प्रतिवेदन तयार गर्न आएका २०५४ देखि २०६३ सालभित्रका विभिन्न पुरातात्त्विक र ऐतिहासिक वस्तुहरू

रामबहादुर कुँवर

सांस्कृतिक सम्पदा भन्ने वित्तिकै मानवद्वारा निर्मित विभिन्न कलाका नमूनाहरूलाई बुझ्नु पर्ने हुन्छ। हरेक सांस्कृतिक सम्पदामा विगतको मानव समाजको विश्वास, परम्परा, रीतिरिवाज, आस्था र अनुभवहरू झल्किन्छन्। यस्ता सांस्कृतिक सम्पदाहरूलाई विगतका समाजको बारेमा जान्ने र महशूस गर्ने ऐनाको रूपमा पनि लिन सकिन्छ। नेपाल सांस्कृतिक सम्पदाहरूको लागि धनी देश हो। मुलुकका विभिन्न ठाउँमा विशिष्ट धार्मिक र सामाजिक महत्त्वलाई उजागर गर्ने असङ्ख्य सांस्कृतिक सम्पदाहरू छरिएर रहेका छन्। यस्ता सांस्कृतिक सम्पदाहरूले अलग अलग परम्परा, विश्वास र रीतिरिवाजहरूलाई व्यक्त गरेको पाइन्छ। यस्ता गौरवमय परम्परालाई झल्काउने यस्ता सांस्कृतिक सम्पदाहरू नाश हुने क्रम र चोरी निकासी गरिने कार्य पनि वर्तमान समाजको लागि उत्तिकै गम्भीर विषय भएको छ।

सांस्कृतिक सम्पदाहरूको विशिष्ट गुण, कौतुहलता र सौन्दर्यबाट प्रभावित भएर यस्ता वस्तुहरू संकलन गरिने परम्परा बेबिलोनियाको सभ्यताबाट शुरु भएको थाहा पाइन्छ। विशेष वर्ग समाजमा अग्रस्थान राख्ने व्यक्तिहरूले नै सोखको रूपमा सांस्कृतिक सम्पदालाई संचय गर्ने कार्य शुरु गरेका थिए। यस्ता कलाकृतिको संकलनले उनीहरूको समाजमा बढी सभ्य र ठूलो हुन सक्ने धारणाको विकासले पनि सांस्कृतिक सम्पदाको संकलन गर्ने परम्पराको शुरुवात भएको थियो। यस्तै संकलनकर्ताहरूको माग र चाहनाले गर्दा सांस्कृतिक सम्पदाहरू चोरी र ओसारपसार गर्ने परम्परालाई निम्त्यायो। सौखिन संकलनकर्ताहरूले सांस्कृतिक सम्पदाहरू बढी रकम तिरी खरीद गर्ने परम्पराको शुरुवातले सांस्कृतिक सम्पदाहरूको चोरी निकासीमा थप प्रेरणाको विकास गऱ्यो। मध्यकालमा संसारका विभिन्न ठाउँमा पुराना वस्तुहरू संकलन गर्ने सभ्य मानिसहरूका संस्थाहरू पनि विकास भए। आधुनिक कालमा संसारभरिका विभिन्न ठाउँमा Antique Dealer पनि स्थापित भए। जसले अप्रत्यक्ष रूपमा संसार भरिनै सांस्कृतिक सम्पदाहरूको चोरी निकासीका लागि कोशे ढुंगाको काम गरे। नेपाल पनि यस गतिविधिबाट टाढा रहन सकेन। फलस्वरूप यहाँका सांस्कृतिक सम्पदाहरूमा पनि गिद्ध दृष्टि पर्नाले चोरी निकासी र ओसारपसारको मारमा पर्न थाले। सन् १९५० पूर्व नेपालबाट के कति सांस्कृतिक सम्पदाहरू बाहिरिए त्यसको रेकर्ड पाइँदैन। तर विश्वका विभिन्न प्रख्यात संग्रहालयहरूको प्रदर्शनमा राखिएका नेपाली विशिष्ट किसिमका कलाकृतिहरूले नेपालबाट हजारौंका संख्यामा महत्त्वपूर्ण कलाकृतिहरू बाहिरिएको कुरालाई भने नकार्न सकिँदैन। सन् १९५० पछि नेपालमा भएको राजनीतिक परिवर्तनले सांस्कृतिक

सम्पदाहरूको संरक्षण र सम्वर्द्धनमा शासक वर्गहरूको विशेष ध्यानाकर्षण हुन थाल्यो । फलस्वरूप नेपालमा भएका ऐतिहासिक, पुरातात्त्विक र सांस्कृतिक सम्पदाहरूको संरक्षण र सम्वर्द्धनको लागि पुरातत्त्व विभागको स्थापना गरियो । पुरातत्त्व विभागको कार्य संचालनको लागि इस्वी सन् १९५६ मा प्राचीन स्मारक संरक्षण ऐन जारी भयो । जसको आधारमा हालसम्म पनि मर्मत, संभार र सम्वर्द्धनका कार्य संचालन भैरहेको छ । ऐनलाई स्पष्ट पारी कार्यान्वयनमा सुगमता ल्याउन इस्वी सन् १९८९ मा प्राचीन स्मारक संरक्षण नियमावली जारी गरियो ।

सन् १९५० पछि नेपालमा भएको परिवर्तनले शिक्षामा भएको विकास सँगसँगै सांस्कृतिक सम्पदाहरूको महत्त्वको बारेमा जागरण र जनचेतना पनि जगायो । फलस्वरूप मानिसहरूले आफ्नो परिवेश वरिपरि भएका सांस्कृतिक सम्पदाहरूको रेखदेख र संरक्षण गर्ने कार्यका लागि तत्परता देखाएको पाइन्छ । ईस्वी सन् १९५० पश्चात भएको पर्यटन विकाससँगसँगै नेपालका सांस्कृतिक सम्पदाहरूको चोरी निकासी हुने क्रमको पनि थालनी भएको पाइन्छ । सरकारी र जनस्तरबाट भएका किसिमका प्रयासबाट पनि हालसम्म सांस्कृतिक सम्पदाहरूको चोरी निकासी कार्य रोक्न सकिएको छैन । वि.सं. २०५४ देखि हालसम्म भएका विभिन्न किसिमका चोरीका घटनाले पनि यस तथ्यलाई स्वीकार गर्न बाध्य तुल्याएको छ । वि.सं. २०५४ सालदेखि हालसम्म विभिन्न सरकारी निकाय र जनस्तरबाट पत्राचार गरी जानकारी गराइए अनुसार ५० वटा सांस्कृतिक सम्पदाहरू चोरी भएका हुन् । साथै चोरले चोरी गरी लुकाएको र चोरी गर्दागर्दै प्रहरीद्वारा समातिएका ७३६ वटा सांस्कृतिक सम्पदाहरू प्रतिवेदन तयार गर्नको लागि विभिन्न प्रहरी कार्यालयहरूबाट यस विभागमा आएका छन् । चोरीको जानकारी आएका र प्रहरीबाट चोरीको क्रममा र विभिन्न ठाउँमा छापामारी समातिएका वस्तु एवम् मूर्तिहरूको विवरण निम्न लिखित रहेको छ :-

## परीक्षण प्रतिवेदनका लागि विभिन्न प्रहरी कार्यालयहरुद्धारा पुरातत्त्व विभागमा ल्याइएका मूर्ति लगायत विभिन्न वस्तुहरु

| क्र.सं. | मिति | वस्तुको विवरण | थान | नाप से.मी. | तौल | मूल्य | समय |
|---|---|---|---|---|---|---|---|
| | | **२०५४-२०५५** | | | | | |
| १ | ४/२४/२०५४ | जि.प्र.का. काठमाडौंबाट प्राप्त ढलौटको वालगोपाल शिलाको जलहरी सहित शिवलिङ्ग (तीन टुक्रा भएको) | २ | १० | .४०० | | सय वर्ष ननाघेको |
| २ | ७/११/२०५४ | उपत्यका प्रहरी इकाई कार्यालयबाट प्राप्त ढलौटको बुद्ध | १ | .०५ | .२०० | | सय वर्ष ननाघेको |
| ३ | ३/१०/२०५५ | उपत्यका अपराध अनुसन्धान शाखाबाट प्राप्त ता.सु.ज. गणेश (हात भाँचिएको) | १ | २१.५ | १.४०० | १००००० | सय वर्ष नाघेको |
| ३.१ | | ता.सु.ज. तारा (आसनमा राखिएको) | १ | १४ | .५५० | १००००० | सय वर्ष नाघेको |
| ३.२ | | ता.सु.ज. वज्रशत्व (हात भाँचिएको आसन नभएको) | १ | १४ | .३५० | १०००००० | सय वर्ष नाघेको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.३ | | ता.सु.ज. लक्ष्मी (तल्लो भाग नभएको) | १ | १० | ३०० | १०००००० | सय वर्ष नाघेको |
| ३.४ | | वज्रपाणी (तल्लो भाग नभएको) | १ | ७ | २५० | ७५००० | सय वर्ष नाघेको |
| ३.५ | | सूर्यमुर्ति युक्त ढलौटको आरती | १ | २३/१८ | २.३०० | १२५००० | सय वर्ष नाघेको |
| ४ | २०५५/३ | जिल्ला प्रहरी कार्यालयबाट प्राप्त ढुंगाको अभिताभ बुद्ध | १ | २० | १.९०० | ४०००० | सय वर्ष नाघेको |
| ४.१ | | ढुंगाको पडक्षरी | १ | १४ | .६०० | २५००० | सय वर्ष नाघेको |
| ४.२ | | माटोको पद्मसम्भव | १ | १७ | .८०० | २५००० | सय वर्ष नाघेको |
| ५ | ३/९/२०५५ | इलाका प्रहरी कार्यालयबाट प्राप्त ढलौटको सिंह बाहिनी भगवती | १ | ४०/३९ | ८.९०० | | सय वर्ष नाघेको |
| ६ | २०५५/३/३२ | जिल्ला प्रहरी कार्यालय वर्दियाबाट प्राप्त ढलौटको भुस्पर्श बुद्ध | १ | ३२ | ४.००० | १२५००० | सय वर्ष नाघेको |
| ६.१ | | ढलौटको भुस्पर्श बुद्ध | १ | १९ | १.३०० | ४५००० | सय वर्ष नाघेको |
| ६.२ | | ढलौटको भुस्पर्श बुद्ध (टाउको नभएको) | १ | १४ | १.००० | २५००० | सय वर्ष नाघेको |
| ७ | ४/१०/२०५५ | जिल्ला प्रहरी कार्यालय अं.अ. तथा कार्वाही शाखा धुलिखेलबाट प्राप्त चाँदीको पृथ्वी नारायण शाहको मोहर | २ | ३ | .०५० | | |
| ७.१ | | शक्ति १६९१ को मोहर | २ | ३ | | १००० | सय वर्ष नाघेको |
| ७.२ | | शाके १६९२ को मोहर | १ | ३ | | | |
| ७.३ | | चाँदीको टोकन मुद्रा डवल | १ | ४ | | | सय वर्ष ननाघेको |
| ८ | ६/१/२०५५ | उपत्यका अपराध अनुसन्धान शाखाबाट प्राप्त ता.सु.ज. मैत्रीय बुद्ध (सिंहासनमा बसेको लक्ष्मीको मूर्ति भनिएको) | १ | २४ | १.६०० | | सय वर्ष ननाघेको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८.१ | | ता.सु.ज. तारा (सानो भगवना बुद्ध जस्तो देखिने मूर्ति भनिएको) | १ | १० | .३०० | | सय वर्ष ननाघेको |
| ९ | ६/२/२०५५ | जिल्ला प्रहरी कार्यालय ललितपुरबाट प्राप्त तामाको बुद्ध | १ | ५९ | २३.००० | | सय वर्ष ननाघेको |
| १० | ६/४/२०५५ | जि.प्र.का. ललितपुरबाट प्राप्त ढुंगाको विष्णु | १ | ३८ | ७.००० | ५५००० | सय वर्ष नाघेको |
| १०.१ | | चाँदीको गणेश अंकित पाताको गजूर पाना | १ | ३१५ | .३०० | | सय वर्ष ननाघेको |
| ११ | ६/७/२०५५ | त्रिभुवन विमानस्थल भन्सार कार्यालय गौचरणबाट प्राप्त ढलौटको मेषम्वर | १ | २१ | २.८०० | १३५००० | सय वर्ष नाघेको |
| १२ | ६/११/२०५५ | उपत्यका अपराध अनुसन्धान शाखाबाट प्राप्त तामाको लोकेश्वर | १ | २३ | १.००० | | सय वर्ष ननाघेको |
| १३ | ६/११/२०५५ | जिल्ला प्रहरी कार्यालय भक्तपुरबाट प्राप्त कपडामा लेखेको थांका | १ | ७४ x ४४ | .२ | ७५०० | सय वर्ष नाघेको |
| १३.१ | | कपडामा लेखेको थांका | १ | ७१ x ४४ | १५० | ५००० | सय वर्ष नाघेको |
| १३.२ | | कपडामा लेखेको थांका | १ | ५५ x ३१ | .०५० | | सय वर्ष ननाघेको |
| १३.३ | | कपडामा लेखेको चित्रमाला | १ | ७ x ७ | .७०० | १५००० | सय वर्ष नाघेको |
| १३.४ | | तिब्बती लिपि र भाषाका आर्य वज्रक्षितिका प्रज्ञापारमिता पाना १०१ भएको काठको गाता भएको पुस्तक | १ | ३७ x १० | १.८५० | | सय वर्ष ननाघेको |
| १४ | ६/२६/२०५५ | जि.प्र.का. काठमाडौं हनुमानढोकाबाट पाप्त ता.सु.ज. मञ्जुश्री | १ | १९ | १.२०० | | सय वर्ष ननाघेको |
| १५ | ६/२६/२०५५ | जि.प्रहरी कार्यालय कालीकोटबाट प्राप्त ढुंगाको सूर्य मूर्ति | १ | ४३ | ९.५०० | ३७५०० | सय वर्ष नाघेको |
| १६ | ६/२७/२०५५ | उपत्यका अपराध अनुसन्धान शाखा हनुमानढोकाबाट प्राप्त तामाको बुद्ध | १ | २१ | १.८५० | | |
| १६.१ | | तामाको यक्षणी गुखगा सु.ज. गरेको | १ | ३५ | २.९५० | ८५००० | सय वर्ष नाघेको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १०.१ | | ढुंगाको मूर्ति | १ | ३८ से.मी. | १५ कि.ग्रा. | १५०००० | सय वर्ष नाघेको |
| १०.२ | | ढुंगाको मूर्ति | १ | ३० से.मी. | १२ कि.ग्रा. | १००००० | सय वर्ष नाघेको |
| १०.३ | | ढुंगाको मूर्ति | १ | २४ से.मी. | ४ कि.ग्रा. | १००००० | सय वर्ष नाघेको |
| ११ | ५/१/२०५७ | जि.प्र.का. काठमाडौंबाट प्राप्त काठको मूर्ति | १ | ५२ से.मी. | २.१०० कि.ग्रा. | | सय वर्ष ननाघेको |
| ११.१ | | काठको मूर्ति | १ | ५२ से.मी. | १.७५ कि.ग्रा. | | सय वर्ष ननाघेको |
| ११.२ | | काठको मूर्ति | १ | ४६ | १.९०० | | सय वर्ष ननाघेको |
| ११.३ | | काठको मूर्ति | १ | ५० | १.१७५ | | सय वर्ष ननाघेको |
| ११.४ | | काठको मूर्ति | १ | ४३ | १.४०० | | सय वर्ष ननाघेको |
| ११.५ | | काठको मूर्ति | १ | ३४ | ७७५ | | सय वर्ष ननाघेको |
| ११.६ | | काठको मूर्ति | १ | ४२ | १.८५० | | सय वर्ष ननाघेको |
| १२ | १२/१०/२०५७ | उपत्यका अपराध अनुसन्धान शाखाबाट प्राप्त तामामा सुन जलप लगाएको दिपांकर बुद्ध | १ | ५५ से.मी. | १४.६०० | | सय वर्ष ननाघेको |
| १३ | ७/२/२०५७ | जि.प्र.का. ललितपुरबाट प्राप्त काठको टुँडाल | १ | १२५ | १६.२०० | ३००००० | सय वर्ष नाघेको |
| १४ | ७/८/२०५७ | जि.प्र.का हनुमानढोकाबाट प्राप्त काठको मानवाकृति | १ | ६८ | २.७०० | | सय वर्ष ननाघेको |
| १४.१ | | जि.प्र.का हनुमानढोकाबाट प्राप्त काठको मानवाकृति | १ | ८० | ३.४०० | | सय वर्ष ननाघेको |
| १४.२ | | जि.प्र.का हनुमानढोकाबाट प्राप्त काठको मानवाकृति | १ | ६२ | १.८०० | | सय वर्ष ननाघेको |
| १४.३ | | जि.प्र.का हनुमानढोकाबाट प्राप्त काठको मानवाकृति | १ | ८२ | ५.३०० | | सय वर्ष ननाघेको |
| १४.४ | | जि.प्र.का हनुमानढोकाबाट प्राप्त काठको मानवाकृति | १ | ७३ | २.५०० | | सय वर्ष ननाघेको |
| १४.५ | | जि.प्र.का हनुमानढोकाबाट प्राप्त काठको मानवाकृति | १ | ८६ | ४.९०० | | सय वर्ष ननाघेको |
| १४.६ | | जि.प्र.का हनुमानढोकाबाट प्राप्त काठको मानवाकृति | १ | ७१ | ४ | | सय वर्ष ननाघेको |
| १४.७ | | जि.प्र.का हनुमानढोकाबाट प्राप्त काठको मानवाकृति | १ | ७६ | ४.२०० | | सय वर्ष ननाघेको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४.८ | | जि.प्र.का हनुमानढोकाबाट प्राप्त काठको मानवाकृति | १ | ४८ | ०.६०० | | सय वर्ष ननाघेको |
| १४.९ | | जि.प्र.का हनुमानढोकाबाट प्राप्त काठको मानवाकृति | १ | ५७ | २.६०० | | सय वर्ष ननाघेको |
| १४.१० | | जि.प्र.का हनुमानढोकाबाट प्राप्त काठको मानवाकृति | १ | ६९ | १.२०० | | सय वर्ष ननाघेको |
| १४.११ | | जि.प्र.का हनुमानढोकाबाट प्राप्त काठको मानवाकृति | १ | ६२ | २.२०० | | सय वर्ष ननाघेको |
| १४.१२ | | जि.प्र.का हनुमानढोकाबाट प्राप्त काठको मानवाकृति | १ | ८४ | ४.२०० | | सय वर्ष ननाघेको |
| १४.१३ | | जि.प्र.का हनुमानढोकाबाट प्राप्त काठको मानवाकृति | १ | ८५ | ५.६०० | | सय वर्ष ननाघेको |
| १४.१४ | | जि.प्र.का हनुमानढोकाबाट प्राप्त काठको मानवाकृति | १ | ९१ | ९ | | सय वर्ष ननाघेको |
| १४.१५ | | जि.प्र.का हनुमानढोकाबाट प्राप्त काठको मानवाकृति | १ | ८० | ५.८०० | | सय वर्ष ननाघेको |
| १५ | ७/८/२०५७ | जि.प्र.का हनुमानढोकाबाट प्राप्त काठको मानवाकृति | १ | ७३ | २.७०० | | सय वर्ष ननाघेको |
| १५.१ | | जि.प्र.का हनुमानढोकाबाट प्राप्त काठको मानवाकृति | १ | ६२ | १.४०० | | सय वर्ष ननाघेको |
| १५.२ | | जि.प्र.का हनुमानढोकाबाट प्राप्त काठको मानवाकृति | १ | ७६ | २.००० | | सय वर्ष ननाघेको |
| १५.३ | | जि.प्र.का हनुमानढोकाबाट प्राप्त काठको मानवाकृति | १ | ७३ | ३.४०० | | सय वर्ष ननाघेको |
| १५.४ | | जि.प्र.का हनुमानढोकाबाट प्राप्त काठको मानवाकृति | १ | ७० | २.१०० | | सय वर्ष ननाघेको |
| १५.५ | | जि.प्र.का हनुमानढोकाबाट प्राप्त काठको मानवाकृति | १ | ६८ | २.५०० | | सय वर्ष ननाघेको |
| १५.६ | | जि.प्र.का हनुमानढोकाबाट प्राप्त काठको मानवाकृति | १ | ६७ | १.९०० | | सय वर्ष ननाघेको |
| १५.७ | | जि.प्र.का हनुमानढोकाबाट प्राप्त काठको मानवाकृति | १ | ४९ | १.३०१० | | सय वर्ष ननाघेको |
| १५.८ | | जि.प्र.का हनुमानढोकाबाट प्राप्त काठको मानवाकृति | १ | ५५ | १ | | सय वर्ष ननाघेको |
| १५.९ | | जि.प्र.का हनुमानढोकाबाट प्राप्त काठको मानवाकृति | १ | ६८ | १.२०० | | सय वर्ष ननाघेको |
| १५.१० | | जि.प्र.का हनुमानढोकाबाट प्राप्त काठको मानवाकृति | १ | ५८ | १ | | सय वर्ष ननाघेको |
| १५.११ | | जि.प्र.का हनुमानढोकाबाट प्राप्त काठको मानवाकृति | १ | ५९ | २.१०० | | सय वर्ष ननाघेको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १५.१२ | | जि.प्र.का हनुमानढोकाबाट प्राप्त काठको मानवाकृति | १ | ४७ | ४०० | | सय वर्ष ननाघेको |
| १५.१३ | | जि.प्र.का हनुमानढोकाबाट प्राप्त काठको मानवाकृति | १ | ७१ | १.२०० | | सय वर्ष ननाघेको |
| १५.१४ | | जि.प्र.का हनुमानढोकाबाट प्राप्त काठको मानवाकृति | १ | ५९ | २.१०० | | सय वर्ष ननाघेको |
| १५.१५ | | जि.प्र.का हनुमानढोकाबाट प्राप्त काठको मानवाकृति | १ | ६२ | २.३०० | | सय वर्ष ननाघेको |
| १५.१६ | | जि.प्र.का हनुमानढोकाबाट प्राप्त काठको मानवाकृति | १ | ५५ | १.९०० | | सय वर्ष ननाघेको |
| १५.१७ | | जि.प्र.का हनुमानढोकाबाट प्राप्त काठको मानवाकृति | १ | ४९ | ७०० | | सय वर्ष ननाघेको |
| १५.१८ | | जि.प्र.का हनुमानढोकाबाट प्राप्त काठको मानवाकृति | १ | ६३ | २.४०० | | सय वर्ष ननाघेको |
| १५.१९ | | जि.प्र.का हनुमानढोकाबाट प्राप्त काठको मानवाकृति | १ | ७३ | १.४०० | | सय वर्ष ननाघेको |
| १५.२० | | ढुंगाको मानवाकृति | २ | ३० | ३.४०० | मूल्य तोकेको छैन | सय वर्ष नाघेको |
| १५.२१ | | ढुंगाको मानवाकृति | १ | २३ | १.२०० | मूल्य तोकेको छैन | सय वर्ष नाघेको |
| १५.२२ | | ढुंगाको मानवाकृति | १ | २६ | २.८०० | मूल्य तोकेको छैन | सय वर्ष नाघेको |
| १५.२३ | | ढुंगाको मानवाकृति | १ | २१ | १.१०० | ७००० | सय वर्ष नाघेको |
| १५.२४ | | ढुंगाको मानवाकृति | १ | २३ | १.२०० | ७००० | सय वर्ष नाघेको |
| १५.२५ | | धातुको घोडामाथि चढेको मानवाकृति | ६ | १५ | २०० | | सय वर्ष ननाघेको |
| १५.२६ | | धातुको पशु आकृति | ३ | ७ | २०० | | सय वर्ष ननाघेको |
| १५.२७ | | धातुको मानवाकृति | ९ | १८ | ५० | | सय वर्ष ननाघेको |
| १५.२८ | | धातुको फुल आकृति | १ | २ | २५ | | सय वर्ष ननाघेको |
| १६ | ०५७/९/२० | उपत्यका अपराध अनुसन्धान शाखाबाट प्राप्त तामामा सुन जलप फुर्वा | १ | १४ | १ | | सय वर्ष ननाघेको |
| १६.१ | | ता.सु.ज. फुर्वा | १ | १२ | .०७५ | | सय वर्ष ननाघेको |
